# वेस्टरभिल सिटी स्कूल्स
# म्याग्नेट कार्यक्रम सिंहावलोकन र बारम्बार सोधिने प्रश्नहरू
# 2022-2023 स्कूल वर्ष

कार्यक्रम प्राथमिक तहको लागि एउटा स्वैच्छिक विकल्प हो जुन खास विषयमा रुचि भएका तथा केन्द्रित पाठ्यक्रमको माध्यमद्वारा शिक्षालाई अनुभव गर्न इच्छा भएका ग्रेड (कक्षा) 1-5 का विद्यार्थीहरूलाई प्रस्ताव गरिने शिक्षण कार्यक्रम हो । म्यागनेट कार्यक्रममा तीनवटा भिन्न पाठ्यक्रमहरूको विकल्पहरू रहेका छन्: गणित/विज्ञान, कला तथा विश्व संस्कृति । गणित/विज्ञान तथा कला कार्यक्रमहरूलाई Hanby (ह्यानबी) र विश्व संस्कृतिलाई Emerson (इमर्सन) मा राखिएको छ । म्यागनेट कार्यक्रम सबै WCSD विद्यार्थीहरूलाई खुला गरिएतापनि सीमित सिटहरू मात्र उपलब्ध छन् । प्रत्येक एकाइको बराबरी सम्भाव्यता हुने छनौट प्रक्रियामार्फत विद्यार्थीहरूले यी तीन कार्यक्रमहरू मध्ये एक कार्यक्रममा भर्नाका**?** लागि आवेदन दिन सक्छन् । सबै तीन कार्यक्रमहरूले सानो विद्यालय परिवेशमा सहयोगी सिकाइ वातावरणमा जोड दिन्छ र तिनीहरूमा हाम्रो अन्य प्राथमिक विद्यालयहरूको समान नै सबै मुख्य विषयहरूलाई शिक्षण गराइन्छ । Emerson (इमर्सन) को विश्व संस्कृति कार्यक्रममा 1 देखि 5 ग्रेडहरूसम्म प्रति ग्रेड एउटा कक्षा सञ्चालन गरिन्छ । ह्यान्बीको कला तथा गणित/विज्ञान कार्यक्रमहरूमा 1 देखि 5 ग्रेडहरूसम्म प्रति ग्रेड हरेक कार्यक्रमका लागि एउटा कक्षा सञ्चालन गरिन्छ ।

म्याग्नेट कार्यक्रम विकल्पहरू

**गणित तथा विज्ञान कार्यक्रम**
गणित/विज्ञान कार्यक्रमले बच्चाहरूलाई यस्तो पाठ्यक्रम उपलब्ध गराउँछ जसमा उनीहरूले गणित तथा विज्ञानलाई दैनिक जीवनको महत्वपूर्ण हिस्साको रूपमा अनुभव तथा संवाद गर्छन् । यो कार्यक्रम Hanby Elementary School (ह्यानबी प्राथमिक विद्यालय) मा सञ्चालित हुन्छ ।

**कला कार्यक्रम**
कला कार्यक्रम शैली, रङ्गमञ्च, संगीत, दृश्य कला तथा साहित्यिक कलाको क्षेत्रहरू सहित कलाका विभिन्न विधाहरू समाहित गरिएको शैक्षिक विषयवस्तु पठनपाठन गर्नमा केन्द्रित रहन्छ । विद्यार्थीहरूसँग सबै शैक्षिक क्षेत्रहरूमा कलाहरूको एकिकरण तथा कलाहरूसँगको सम्पर्कमार्फत जिल्लाको परिष्कृत गरिएको पाठयक्रम सिक्ने अवसरहरू हुन्छ । यो कार्यक्रम Hanby Elementary School (ह्यानबी प्राथमिक विद्यालय) मा सञ्चालित हुनेछ ।

**विश्व संस्कृति कार्यक्रम**
विश्व संस्कृति कार्यक्रमले विश्वभरिका संस्कृतिहरूलाई गणित, विज्ञान, भाषा, सामाजिक शिक्षा तथा कलाको शैक्षिक विषयवस्तुमा समाहित गर्छ । यस कार्यक्रमले संज्ञानात्मक तथा सामाजिक वृद्धिलाई अझ बढाउँछ तथा विविध मानिस तथा संस्कृतिहरूको बुझाइलाई विकसित गर्छ । यो कार्यक्रम Emerson Elementary School (इमर्सन प्राथमिक विद्यालय) मा सञ्चालित हुनेछ ।

## म्याग्नेट कार्यक्रम आवेदन प्रक्रियाहरू

| मिति | घटना |
|---|---|
| अप्रिल **18, 2022** | **आवेदन समय सीमा** |

- सबै आवेदनहरू 5 बजे, अप्रिल 18, 2022 सम्म पूरा गरिसक्नु पर्छ।
- सूचना मे २ को हप्तामा घर पठाइनेछ।
- यदि तपाईंको बच्चा हाल वेस्टरभिल सिटी इलिमेन्टरी स्कूलमा भर्ना भएको छैन भने, ऊ/उनी म्याग्नेट स्कूल कार्यक्रमको लागि आवेदन पेश गर्नु अघि वेस्टरभिल सिटी स्कूल जिल्लामा बसेको र 2022-2023 स्कूल वर्षको लागि दर्ता भएको हुनुपर्छ । कृपया दर्ता प्रक्रिया सुरु गर्नको लागि हाम्रो वेबसाइट www.wcsoh.org/enroll मा जानुहोस् ।
- हरेक बच्चाको लागि छुट्टै आवेदन भर्नु आवश्यक हुन्छ ।

# म्याग्रेट विद्यालय कार्यक्रम बारे धेरैजसो सोधिने प्रश्नहरू

**मैले विभिन्न म्यागनेट कार्यक्रमहरू बारेमा थप जानकारी कसरी प्राप्त गर्न सक्छु ?**

म्याग्रेट स्कूल फेयर र ओपन हाउस प्रत्येक भवनमा मार्च 16, 2022 मा निम्न समयमा आयोजना हुनेछ:

- **इमर्सन एलिमेण्टेरि (Emerson Elementary): अपराह्न 5:30 देखि 6:30 बजे सम्म**
- **हान्बी एलिमेण्टेरि (Hanby Elementary): अपराह्न 6:00 देखि 7:00 बजे सम्म**

तपाईं हेरक विद्यालयको वेबसाइटमा पनि हेर्न सक्नुहुन्छ जसमा निम्न लिंकमार्फत जान सकिन्छ: www.wcsoh.org/magnet ।

**म्यागनेट कार्यक्रम चिट्ठाको समयसीमा के हो ?**

· मार्च 25, 2022 - आवेदन पूरा गरिसक्नुपर्ने समय सीमा
· अप्रिल 8, 2022 - सूचना पत्र र इमेल सबै आवेदकहरूलाई पठाइने
· अप्रिल 15, 2022 - प्रस्ताव स्वीकार गर्नको लागि अन्तिम म्याद

**के मेरो आवेदन मार्च 25, 2022 पछि स्वीकार गरिनेछ?**

**होइन। हामी मार्च 25, 2022 को अन्तिम मितिमा कुनै अपवादहरू गर्ने छैनौं।**

**के म्यागनेट कार्यक्रमहरूले अन्य Westerville City Schools हरूले झैं समान पाठ्यक्रम पढाउँछन् ?**

हो । म्यागनेट कार्यक्रमहरूले अन्य Westerville City Schools हरूले जस्तै डिस्ट्रिक्ट/राज्यद्वारा अनुमोदित समान पाठयक्रम पढाउँछन् । यस सम्बन्धमा म्यागनेट विधि राज्यद्वारा अनुमोदित शैक्षिक पाठ्यक्रमभित्रै रहेर विशिष्ट म्यागनेट को समायोजनमा केन्द्रित " रहेको छ ।

**के म्यागनेट कार्यक्रमका विद्यार्थीहरूका सहोदर दाजुभाइ, दिदीबहिनीहरूलाई म्यागनेट कार्यक्रमको स्थापन (प्लेसमेन्ट) मा प्राथमिकता दिइन्छ ?**

स्थापन (प्लेसमेन्ट) मा सहोदर दाजुभाइ, दिदीबहिनीहरूका लागि कुनै प्राथमिकता हुँदैन ।

**म्यागनेट कार्यक्रमका लागि बच्चा एकपटक स्वीकृत भइसकेपछि के हरेक वर्ष पुनः आवेदन दिनु जरूरी हुन्छ ?**

होइन, तर प्रत्येक स्कूल वर्षको फेब्रुअरीमा अभिभावकहरूलाई आफ्नो बच्चालाई म्याग्रेट कार्यक्रममा राखिराख्न चाहन्छन् कि भनी सोध्न एउटा इमेल पठाइन्छ।

**यदि बच्चा म्यागनेट कार्यक्रमका लागि प्रतिक्षा सूचीमा रहेको छ भने कुन प्रक्रिया अपनाइन्छ ?**

कुनै पनि उपलब्ध सिटहरू प्रतिक्षा सूचीको माथि रहेका/रहेकी विद्यार्थीलाई प्रदान गरिन्छ ।

**के म्यागनेट कार्यक्रममा पढ्न जाने विद्यार्थीहरूको लागि यातायात उपलब्ध हुन्छ ?**

हो। विद्यार्थी म्याग्रेट स्कूलको पैदल दूरी भित्र बस्ने वा सिधा बस नभएसम्म म्याग्रेट स्कूलहरूमा जाने र फर्कने विद्यार्थीहरूको लागि बस यातायात उपलब्ध गराइन्छ। विद्यार्थीहरूले म्याग्रेट स्कूल जान र त्यहाँबाट फर्कन स्थानान्तरण बस चढ्न सक्छन्। म्याग्रेट स्कूलहरू वेस्टरभिलका अन्य प्राथमिक विद्यालयहरूको तुलनामा थोरै (5-10 मिनेट) पछिको तालिकामा छन्।

**मैले कति वटा म्यागनेट कार्यक्रमहरूमा आवेदन दिन सक्छु ?**

एक (1) ।

**मेरो आवेदन प्राप्त गरेको कसरी थाहा पाउँछु ?**

अनलाइन आवेदनमा दिइएको इमेलमा सिस्टमले आवेदन पाएको जनाउ दिने इमेल पठाउनेछ ।

**के म्यागनेट विद्यालयहरूमा विद्यालय जाने उमेरका विद्यार्थीहरूका लागि बालस्याहार कार्यक्रम (YWCA Kids Place) उपलब्ध छ ?**

छैन, आमाबुबाहरूले कार्यक्रममार्फत आफ्नो गृह विद्यालय वा Westerville YWCA मा त्यस्ता व्यस्थाहरू गर्नु जरूरी हुन्छ ।

**यदि मैले प्रस्ताव स्वीकार गरेमा के हुन्छ ?**

विद्यार्थीले म्यागनेट कार्यक्रमको प्रस्ताव स्वीकार गरिसकेपछि उक्त विद्यालयले विद्यार्थी पढिरहेका विद्यालयलाई अर्को शैक्षिक वर्षको लागि विद्यार्थी म्यागनेट विद्यालयमा पढ्नेछन्/छिन् भनेर सूचित गर्नेछ । उक्त विद्यार्थी पढिरहेका विद्यालयले विद्यार्थीको अभिलेखहरूलाई म्यागनेट विद्यालयमा पठाउँछ र विद्यार्थीलाई आफ्नो रोस्टरबाट हटाउँछ ।

**के मेरो बच्चा म्यागनेट कार्यक्रममा पढ्ने प्रस्ताव स्वीकार गरिसकेपछि आफ्नो गृह विद्यालयमा फिर्ता आएर पढ्न सक्छन्/छिन् ?**

विद्यार्थीले म्यागनेट कार्यक्रममा कम्तीमा पनि एक वर्ष पुरा गरोस् भन्ने आशा गरिन्छ । शैक्षिक वर्ष सकिन भन्दा अगावै चाँडो फिर्ता हुने अनुरोधहरूलाई अलग-अलग व्यस्थापन गरिन्छ । गृह विद्यालयमा सिट उपलब्ध नभएमा गृह विद्यालयले फिर्ता भएका विद्यार्थीलाई स्वीकार गर्छ भनेर कुनै ग्यारेन्टी हुँदैन । फिर्ता हुने कुनै पनि निर्णयहरू लिनुभन्दा पूर्व आमाबुबाहरूलाई आफ्नो बच्चाको गृह विद्यालयसँग बुझ्न सुझाव दिइन्छ ।